# ........................................................................सहकारी संस्था लि. को
# विनियम, २०..... (पुनर्लेखन, २०८२)

पहिलो पटक स्वीकृत मितिः
पुनर्लेखित विनियम स्वीकृत मितिः

**प्रस्तावनाः**
सहकारी सिद्धान्त, मुल्य र मान्यताहरु अबलम्बन गरी सदस्यहरुमा स्वाबलम्बन र पारस्पारिकताको भवनालाई बढावा दिएर आर्थिक, सामाजिक एवम शैक्षिक उन्नतिका लागि आवश्यक श्रोतका साथै व्यवसायिक तथा सामुदायिक सेवाहरुको बन्दोबस्त मिलाएर परिश्रम, समानता र समताको मापदण्डमा समुदायका सबैको यथायोग्य वैभव हासिल हुने सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउने गरी यस ........................... **सहकारी संस्था लि. को** प्रभावकारी व्यवस्थापन तथा सञ्चालनको लागि बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १९ तथा नियमावली,२०८२ को नियम ४ अनुसार मिति **००००।००।००** को साधारण सभाले पुनर्लेखन गरी यो विनियम बनाएको छ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस विनियमको नाम "............................... सहकारी संस्था लिमिटेड को विनियम, २०..... (पुनर्लेखन, २०.....)" रहेको छ ।

(२) यो विनियम सहकारी अधिकृतबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### २. संस्थाको नाम र ठेगानाः

क) संस्थाको नामः .................................................सहकारी संस्था लि. नाम रहनेछ। अंग्रेजीमा संस्थाको नाम ..........................Cooperative Limited रहेको छ।

ख) संस्थाको ठेगानाः जिल्ला महोत्तरी, बर्दिवास नगरपालिका वडा न. ........ मा संस्थाको मुख्य कार्यालय रहनेछ। संस्थाको देहाय बमोजिम आधिकारिक सेवा केन्द्रहरु रहनेछन् (सेवा केन्द्र भएमा मात्र उल्लेख गर्ने)

क. ...............................,
ख. ...............................,
ग. ...............................,

नियमनकारी निकायबाट अनुमति लिई सेवा केन्द्र थप गरी सञ्चालन गर्न सकिनेछ।

ग) नियमक निकायको पूर्व स्वीकृति लिएर मात्र ठेगाना परिर्वतन गर्न सकिनेछ।संस्थाको बढी सदस्यहरुलाई पायक पर्ने ठाउँमा कार्यालय राखिने छ। यसरी कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको भवन प्रयोग गरिने छैन।

घ) संस्थाको साइनबोर्डमा स्पष्ट देखिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि फोन, ईमेल फ्याक्स र पोष्ट बक्स आदि उल्लेख गरिनेछ ।

ङ) सम्पर्क वा पत्राचारको माध्यममा परिवर्तन गर्नु परेमा सोको सूचना सबै सदस्य र सम्बन्धित नियामक निकाय तथा सरोकारवालाहरुमा जानकारी गराईनेछ ।

च) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाउँमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सूचित गर्नेछ।

क. संस्थाको मुख्य कारोबार,

ख. कूल सदस्य संख्या,

ग. कारोवारको विवरणः यस अन्तर्गत कूल संकलित पुँजी, कूल निक्षेप संकलन, कूल लगानी र कारोवारबाट भएको लाभांश उल्लेख गरिनेछ।यस्तो विवरण लेखा गरेको गत आर्थिक वर्षको श्रेस्ताको आधारमा राखिनेछ,

घ. सञ्चालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

**३. कार्यक्षेत्रः**

यस संस्थाको कार्यक्षेत्र ................................................ हुनेछ।

**४. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म यस विनियममाः

क. "ऐन" भन्नाले बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ तथा संघ र मधेश प्रदेशको सहकारी ऐनलाई सम्झनु पर्दछ।

ख. "नियामावली" भन्नाले बर्दिवास नगरपालिकाको सहकारी नियमावली, २०८२ तथा संघ र मधेश प्रदेशको सहकारी नियमावलीलाई सम्झनुपर्दछ।

ग. "सहकारी अधिकृत" भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त सहकारी अधिकृतलाई सम्झनु पर्दछ।

घ. "संस्था" भन्नाले ........................................................ सहकारी संस्थालाई सम्झनुपर्दछ ।

ङ. "विनियम " भन्नाले संस्थाको विनियमलाई सम्झनु पर्दछ।

च. "सदस्य " भन्नाले संस्थाको शेयर खरिद गरी यस विनियम बमोजिमको सदस्यको दायित्व निर्वाह गर्न तयार भई संस्थाको सदस्यता प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ।

छ. "सधारण सभा" भन्नाले संस्थाको साधारण सभा लाई सम्झनुपदर्छ ।

ज. "समिति " भन्नाले संस्थाको सञ्चालक समितिलाई सम्झनुपर्दछ ।

झ. "सञ्चालक " भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ।

ञ. "उपसमिति "भन्नाले समितिले कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनुपर्दछ ।

ट. "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

ठ. "व्यवस्थापक " भन्नाले संस्थाको प्रबन्धक वा कार्यकारी प्रमुखलाई सम्झनुपर्दछ ।

ड. "नियमक निकाय " भन्नाले सहकारीको नियामक निकायलाई सम्झनुपर्दछ ।

**५. संगठित संस्था हुनेः**

क. संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

ख. संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि **अनुसूची १** मा उल्लेख गरिए अनुसार आफ्नो छुटै चिन्ह अंकित छाप रहनेछ ।

ग. संस्थाको छाप सञ्चालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

घ. संस्थाले व्यक्ति सरह प्रचलित कानुन एवं यस विनियममा उल्लेख भए बमोजिम उपभोग गर्न र सम्पत्ति बेचविखन गर्न र कुनै प्रकारको बन्दोवस्त गर्न सक्नेछ ।

ङ. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्ने सक्ने छ र सो उपर पनि सोहि नामबाट नालिस उजर लाग्न सक्नेछ ।

च. संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

## परिच्छेद-२

## उद्देश्य र कार्य

**६. उद्देश्यः**

सहकारीताको माध्यमबाट सदस्यहरुमा बचत गर्ने बानिको विकास गरी बचत सङ्कलन र ऋण परिचालनलाई प्राभावकारी बनाउँदै सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक विकास गर्नु।

**वा**

सहकारीताको माध्यमबाट कृषि उत्पादन, संकलन, भण्डारण, प्रशोधन र मुल्य श्रृङ्खलामा वृद्धि तथा बजारीकरणको सुनिश्चितता गरी सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक विकास गर्नु।

**नोटः सहकारीको प्रकृतिअनुसार उद्देश्यहरु लेख्नुपर्दछ।**

**७. कार्यहरुः**

सस्थाले दफा (६) बमोजिमको उद्देश्य प्राप्त गर्नको लागि प्रचलित सहकारी ऐन, नियम र निर्देशिकाहरुको पालना गरी निम्न कार्यहरु गर्नेछ।

क. बचत संकलन एवम् ऋण लगानी गर्ने,
ख. बिप्रेषण सेवाबाट (रेमिट्यान्स) सदस्यहरूलाई लाभान्वित बनाउने,
ग. सूचना प्रविधिमा आधारित भएर रकम ट्रान्सफर सेवाबाट सदस्यहरूलाई लाभान्वित बनाउने,
घ. प्रचलित कानुन, मापदण्ड र विनियममा भएको प्रावधानबमोजिम आवश्यकता अनुसार बैंक तथा वित्तीय संस्था एवम् सहकारी बैंकबाट ऋण लिने,
ङ. सदस्यहरूलाई वित्तीय सुरक्षाका विविध कार्यक्रमहरूमा सरिक गराउने,
च. सदस्यहरूलाई शिक्षा, तालिम र सूचना मार्फत सवल र सक्षम बनाउने,
छ. सहकारीता बारे चेतना जगाउने,
ज. समाजिक उत्तरदात्विको कार्यहरु गर्ने,
झ. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुबाट संस्थाको हितमा प्राप्त हुने आर्थिक, समाजिक सेवा र सुविधाहरु प्राप्त गरी सदस्यहरुको हितमा प्रयोग गर्ने र
ञ. सदस्यहरुलाई आत्मनिर्भर बनाउने तथा सदस्यहरुको हित प्रवद्र्धन गर्ने काम गर्ने ।

**नोटः सहकारी संस्थाको प्रकृति अनुसार कार्यहरु फरक फरक हुन्छ। यसर्थ, संस्थाको प्रकृति अनुसार कार्यहरु लेख्नु पर्दछ। जस्तैः कृषि सहकारी संस्थाको हकमाः**

क. कृषि उपजहरु उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण गर्ने
ख. कृषि उपजहरुको मुल्य श्रृङ्खला अभिवृद्धि गर्ने
ग. सदस्य किसाहरुलाई आधुनिक कृषि प्रणाली मार्फत खेती गर्न प्रोत्साहित गर्ने।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति लिनु पर्ने सेवा वा व्यवसायको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ।

## परिच्छेद-३
## सदस्यता

**८. संस्थाको सदस्यः** (१) देहायका प्राकृतिक व्यक्तिहरु संस्थाको सदस्य हुनेछन् :

क. संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु र
ख. दफा ९ बमोजिम योग्यता पुगेका तथा दफा १० बमोजिम सदस्यता वा दफा १४ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरु

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरुले संस्थाको शेयर खरिद गरी सदस्य हुन सक्नेछन्।

**९. सदस्यताको योग्यता**ः (१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछः

क. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

ख. संस्थाको कार्यक्षेत्रभित्र स्थायी रुपमा वा एक वर्षदेखि नियमित रुपमा बसोबास भएको,

ग. संस्थाको मुख्य व्यवसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको,

घ. संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यता शुल्क बुझाएको र शेयर खरिद गरेको,

ङ. यस विनियममा उल्लेख भए बमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको र

च. समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ।

**१०. सदस्यता दिने प्रक्रिया**ः यस विनियमको दफा (९) बमोजिम योग्यता पुगेका व्यक्तिहरुलाई सदस्यता दिने प्रक्रिया देहाय बमोजिम हुनेछः

क. संस्थाले तोकेको ढाँचामा निवेदन पेस गर्नुपर्ने, निवेदन साथ बसोबास प्रमाणित हुने कागजात (नागरिकतामा अन्यत्र जिल्ला वा अन्य पालिका उल्लेख भएमा), नेपाली नागरिकताको प्रतिलिपि, कुनै व्यवसाय गरेको प्रमाण सहित आफूले लिन चाहेको सेयर रकम र संस्थाले तोकेको सदस्यता शुल्क (पछि फिर्ता नहुने) बुझाएको रसिद वा बैंक भौचर वा अन्य प्रक्रिया भए सो को प्रमाण संलग्न राखी निवेदन दिनु पर्नेछ।

ख. प्राप्त निवेदनहरू अध्ययन गरी अध्यक्ष र व्यवस्थापकको हस्ताक्षर भएको सेयर प्रमाणपत्र सम्बन्धित व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्नेछ।सदस्यता दिन नसक्ने कुनै मनासिब कारण भए सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

ग. सेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु.१००। (रुपैँया एक सय) तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। सेयर प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

**११. सदस्यताको अन्त्य**ः (१) देहायको अवस्थामा सदस्यता कायम रहने छैनः

क. सदस्यको मृत्यु भएमा,

ख. बहुलाएको वा मानसिक असन्तुलन भएमा,

ग. सदस्यबाट दिएको राजिनामा स्वीकृत भएमा,

घ. फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ. संस्था विघटन भएमा,

च. विनियमको दफा ९ मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्याता नरहेमा,

छ. दफा १२ अनुसार सदस्यताबाट निष्कासन भएमा।

**१२. सदस्यको निष्कासन**ः (१) सञ्चालक समितिले छानबिन गरी एवम सफाईको मौका समेत दिई देहायको अवस्थामा समितिले कुनै सदस्यको सदस्यता खारेज गर्न सक्नेछ।

क. बिना कुनै सूचना निरन्तर तीन पटक साधारण सभामा उपस्थित नभएमा,

ख. संस्थाको कारोबारमा लिखित सूचना र विश्वसनिय कारण परेमा बाहेक निरन्तर तीन वर्ष कुनै कारोबार नगरेमा,

ग. समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य भएको प्रमाणित भएमा,

घ. संस्थाको चल अचल सम्पत्ति हिनामिना वा अपचलन वा नोक्सानी हुने कुनै काम गरेको प्रमाणित हुन आएमा,

ङ. संस्थाको प्रतिष्ठामा आँच आउने कुनै काम गरेमा,

च. प्रचलित कानुन वा यस विनियम बमोजिम सदस्यता कायम रहने अवस्था नरहेमा।

(२) उपदफा (१) बमोजिम सदस्यता खारेज गर्नु अघि कम्तीमा १५ दिनको समयावधि दिई सम्बन्धित व्यक्तिलाई सूचना दिनु पर्नेछ।सूचना प्राप्त भएको मितिले ३५ दिन भित्र सम्बन्धित सदस्यले सदस्यता खारेजी उपर चित्त नबुझेमा समिति समक्ष निवेदन दिनु पर्नेछ।समितिले त्यस्तो निवेदन उपर समितिको बैठक बस्ना साथ उचित निर्णय लिई सम्बन्धित सदस्यलाई ७ दिन भित्र लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सहकारी अधिकृत समक्ष पुनरावेदन गर्न सक्नेछ र सहकारी अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

**१३. सदस्यताबाट राजिनामाः**

क. कुनै सदस्यलाई संस्थाको सेवा सुविधा आफुलाई आवश्यक छैन भन्ने लागेमा सदस्यबाट राजिनामा दिन सक्नेछ। तर, सदस्यता छाड्न चाहने संस्थाको कुनै बाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजिनामा दिन पाउने छैन। सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजिनामा स्वीकृत भई सकेको रहेछ भने पनि संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्व बाट छुट पाउने छैन ।

ख. सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक वर्ष समाप्त हुनु तीन महिना अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ। यस्तो राजिनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलिपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ।

**१४. पुन सदस्यताः**

सदस्यताबाट दिएको राजिनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजिनामा स्वीकृत भएको मितिले एक वर्षपछि मात्र पुनः रीतपूर्वक संस्थामा निवेदन दिएमा पुनः सदस्यता प्राप्त गर्न सकिनेछ।

**१५. सदस्यको काम, कर्तव्य र अधिकारः** (१) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको सञ्चालक समिति एवम् लेखा सुपरीवेक्षण समितिको पदाधिकारी चयन गर्दा वा हटाउदा हुने मतदान कार्यमा सहभागी हुने,

(ख) वार्षिक एवम् विशेष साधारण सभामा नियमित उपस्थित हुने,

(ग) सभामा प्रस्ताव गरिएको एजेण्डा उपर विचारहरू राख्ने, निर्णयार्थ प्रस्तुत गरिएको विषयमा आफ्नो मत प्रकट गर्ने,

(घ) संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको पदहरूमा निर्वाचन कार्यक्रम अनुसार उम्मेदवार हुने, आफ्ना प्रतिबध्दता सहित सदस्यहरू माझ मत माग्ने,

(ङ) एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्ने, मतदान प्रक्रियालाई स्वतन्त्र र स्वच्छ बनाउने कार्यमा सक्रिय रहने,

(च) प्रयोजन खुलाई ऋण लिने, संस्थाबाट लिएको ऋणको साँवा ब्याँज समयमै बुझाउने,

(छ) संस्थाको गतिविधिहरूमा नियमितरूपमा भाग लिने,

(ज) संस्थाको सेवा उपयोग गर्ने,

(झ) संस्थामा नियमितरूपमा बचत गर्ने र सोमा निर्धारित ब्याँज प्राप्त गर्ने,

(ञ) सदस्यहरूको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने,

(ट) सहकारीका प्रचलित कानुन र सहकारीका सर्वमान्य सिद्धान्तबमोजिम संस्था सञ्चालन नभएको पाइएमा प्रचलित कानुन र यस विनियमबमोजिम विशेष सभा बोलाउन लगाउने काममा सरिक रहने,

(ठ) संस्थाको हित, विकास र प्रवर्धनमा सदैव इमान्दार रही सक्रिय रहने।

**नोटः कृषि सहकारी संस्थाहरुको हकमा कृषि उत्पादन गर्ने, गाई भैँसि पालन गर्ने लगायतका कामहरु थप गर्न सकिनेछ।**

**१६. सदस्यता खुला रहनेः**

विनियम बमोजिम सदस्यता लिन योग्यता भएका व्यक्तिहरुलाई संस्थाको सदस्यता प्राप्ति सधै खुल्ला रहनेछ।

**१७. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजिनामा स्वैच्छिक हुन पर्नेः**

प्रचलित सहकारी कानून बमोजिम सदस्यको सदस्यता प्राप्ति, पुनः प्राप्ति तथा राजिनामा स्वैच्छिक हुनेछ।

## परिच्छेद-४
## पुँजी परिचालन

**१८. सेयर पुँजीः** (१) संस्थाको सेवा सञ्चालनको लागि आवश्यक रकम यथाशक्य सदस्यहरुले दफा १९ बमोजिम सदस्यताको शर्त स्वरुप र दफा २० बमोजिम स्वेच्छाले खरिद गरेको सेयरबापतको पुँजीको रुपमा जुटइनेछ।

(२) संस्थाको एक सेयरको मूल्य रु १००।- (रुपैँया एक सय) हुनेछ। संस्थाको कुल शेयर पुँजी रु ........................ (अक्षेरुपी ......................) हुनेछ। संस्थाले संकलित पुँजीको आधारमा साधारण सभाबाट निर्णय गरी सहकारी अधिकृतको स्वीकृत लिई पुँजी वृद्धि गर्न सक्नेछ।

(३) संस्थाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरुलाई सेयर विक्रि गर्न सक्नेछ। तर, अन्य कुनै कृत्रिम व्यक्तिलाई सेयर विक्रि गर्ने छैन।

(४) संस्थाले सार्वजानिक रुपमा विज्ञापन गरी सेयर विक्री गर्ने छैन।

(५) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको सेयर खरीद गर्ने छैन। तर सहकारीको सिद्घान्त बमोजिम सहकारी संस्थाहरु वीच आपसी सम्झौता बमोजिम संयुक्त रुपमा कुनै कार्यक्रम संचालन गर्न वा संस्थाको हितको लागि कारोवार गर्न सक्नेछ।

**१९. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्नेः**

संस्थाको सदस्य बन्नको लागि कम्तीमा एक सेयर खरिद गर्नुपर्नेछ। सदस्यको तीनपुस्ते विवरण खुल्ने गरी सदस्य दर्ता किताबमा अभिलेख राख्नु पर्नेछ।

**२०. थप सेयर खरिद गर्न सक्नेः**

संस्थाको कुल सेयर पुँजीको २० प्रतिशत नबढ्ने गरी कुनै सदस्यले जतिसुकै पनि सेयर खरिद गर्न सक्नेछ।

**२१. सेयर फिर्ता वा हस्तान्तरणः**

क. कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरिद गरी संस्थामा लगानी गरेको रकम, सोको लाभांस, बचत र बचतको व्याज लगायत निजले प्राप्त गर्नुपर्ने रकम संस्थाले हिसाब जाँच गरी फिर्ता दिनुपर्नेछ। संस्था सञ्चित घाटामा रहेको अवस्थामा सेयरको वास्तविक मुल्य गणना गरेर मात्र सेयर रकम फिर्ता गर्न सकिनेछ।

ख. सदस्यले लिएको शेयर हस्तान्तरण गर्न चाहेमा संस्थाका सदस्यहरु भित्र मात्र हस्तान्तरण गर्नु पर्नेछ।

ग. कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरी बहुलाएको प्रमाणित भएमा निजको नाममा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गरि दिईनेछ।

**२२. प्रवेश शुल्कः**

सदस्यता प्राप्तिको लागि प्रवेश शुल्क रु १००(रु एकसय) फिर्ता नहुने गरी हुनेछ।

**२३. सदस्यको दायित्व सीमित हुनेः**

(१) सदस्यको दायित्व निजले लिएको शेयर रकम बराबर सम्मको मात्र हुनेछ।

(२) संस्थाको विनयम पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ।

## परिच्छेद-५
## साधारण सभा

**२४. प्रारम्भिक साधारण सभाः**

प्रारम्भिक साधारण सभा सम्बन्धी व्यवस्था प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

**२५. वार्षिक साधारण सभाः** (१) संस्थाका सम्पूर्ण सेयर सदस्यहरु भएको एउटा साधारण सभा हुनेछ। प्रत्येक आर्थिक वर्षक समाप्त भएको मितिले ६ महिना भित्र संचालक समितिले बार्षिक साधारण सभा गरिसक्नु पर्नेछ।

(२) उपदाफा (१) बमोजिम बार्षिक साधारण सभा नबोलाएको अवस्थामा कुनै सदस्यले त्यस्तो सभा बोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि रजिष्ट्रारले वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा बोलाउन सक्नेछ। यसरी सभा बोलाएमा सभा संचालनमा चाहिने सम्पूर्ण सहयोग संस्था सम्बद्घ पक्षले गर्नु पर्ने र आर्थिक दायित्व संस्थाबाट व्याहोरिने छ ।

(३) उपदाफा (१) र उपदाफा (२) बमोजिम वार्षिक साधारण सभा वोलाउँदा सभा हुने स्थान समय, मिति, लेखा परिक्षण प्रतिवेदन तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा ३० दिन अगावै सदस्यहरुलाई सार्वजानिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ ।

(४) वार्षिक साधारण सभाको गणपुरक संख्या तत्काल कायम रहेको सदस्यको संख्याको ५१ % हुनेछ ।

(५) पहिलो पटक गणपुरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तीमा ७ दिनको अर्को सूचना दिनुपर्ने छ। यसरी दोश्रो पटक बोलाएका साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्य को उपस्थित भएमा गणपुरक मानिनेछन ।

(६) वार्षिक सधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ।अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सञ्चालकहरु मध्ये ज्येष्ठ सञ्चालकले गर्नुपर्ने छ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सवै विषयहरू प्रस्तावको रूपमा पेस गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिने छ, मत बरावर भएमा सभापतिले निर्णायक मत दिनु पर्नेछ।

**२६. विशेष साधारण सभाः** (१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ।

(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्यसञ्चालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृत वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ।

**२७. साधारण सभाको बैठकः** (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरुले समयमै प्राप्त गर्ने गरी एस.एम.एस., एफ.एम. रेडियो, पत्रपत्रिकालगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमध्यमबाट दिनुपर्नेछ।

(२) सधारण सभाको बैठकमा सदस्यहरु साक्षात् उपस्थित हुनुपर्नेछ।
(३) समितिले सारधाण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिनअगावै यथासक्य उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ।
(४) साधारण सभाको बैठकमा उद्‌घाटनको कार्यक्रम थोरै समय राखी विचार-विमर्शका लागि पर्याप्त समय छुट्याउनुपर्दछ।
(५) सधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरुका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरु मध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ। निर्णय प्रमाणित गर्दा मतान्तर भएमा बहुमत हस्ताक्षर सहितको निर्णय मान्य हुनेछ।
(६) ऐन तथा नियमावलीको व्यवस्थाअनुसार सदस्य सङ्ख्या पन्ध्र सय नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभा गर्नुपर्दछ।
(७) उपदफा ६ बमोजिमको साधारण सभाको बैठक तथा सञ्चालनको विधि प्रचलित सहकारी कानून बमोजिम हुनेछ।
(८) साधारण सभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था प्रचलित सहकारी कानून तथा सहकारी अधिकृतले तोकिदिएबमोजिम हुनेछ।

**२८. साधारण सभाको काम, कर्तव्य र अधिकारः** (१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,
ख. वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,
ग. सञ्चालक र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,
घ. सञ्चालक र लेखा सुपरीवेक्षण समिति विघटन गर्ने,
ङ. सञ्चालक समितिको अध्यक्ष वा कुनै पदाधिकारी वा सदस्य एवम् लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,
च. समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,
छ. विनियम वा आन्तरिक कार्यविधि संशोधन तथा पुनर्लेखन गर्ने,
ज. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,
झ. संस्था एकीकरण तथा विघटन सम्बन्धी निर्णय गर्ने,
ञ. पारिश्रमिक लगायतका सुविधा तोक्ने,
ट. बाह्य दायित्व स्वीकार गर्ने,
ठ. सदस्यको दायित्व मिनाहा गर्ने,
ड. अध्यक्षको राजिनामा स्वीकृत गर्ने,
ढ. लेखा सुपरीवेक्षण समितिको संयोजक र सदस्यको राजिनामा स्वीकृत गर्ने,
ण. समिति वा लेखा सुपरीवेक्षण समितिको रिक्त पदमा बाँकी अवधिका लागि चयन गर्ने,
त. समितिलाई आवश्यक निर्देशन दिने,
थ. संस्थाको विवादित विषयहरुमा आवश्क निर्णय लिने,
द. संस्था सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थप घट गर्ने।

**२९. साधारण सभाको निर्णय अनिवार्य हुनेः** (१) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विषयमा साधारण सभाको निर्णय अनिवार्य हुनेछः

क. संस्थाको कार्यसञ्चालनको लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरु बनाउने,

ख. संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी संघ संस्था, गैरसरकारी सङ्गठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा पूर्व स्वीकृति दिने,

ग. निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यवसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व-स्वीकृति दिने,

घ. संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालिन भैपरि दायित्व सृजना गर्ने,

ङ. लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने,

च. वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने,

छ. सञ्चालक वा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमणलगायतमा पठाउने।

**३०. गाउँ/टोल/उपक्षेत्रीय बैठकः** (१) संस्थाका समस्त कार्यकलापमा साधारण सदस्यहरु सबैको नियमित रुपमा प्रत्यक्ष एवम रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया ३० जना भन्दा बढी सदस्यहरुलाई पायक पर्ने गरी गाउँ, टोल वा उपक्षेत्र कायम गर्नसकिनेछ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्रभित्रका सदस्यहरु सबैजना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रुपमा गाउँ/टोल/उपक्षेत्रिय बैठक रहनेछ।

**३१. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरुः** (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरु देहायबमोजिम हुनेछन्

क. सदस्यहरुको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरुको सहभागितामूलक लेखाजोखा गरेर व्यवसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने,

ख. सदस्यहरुका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षणतर्फका साझा समस्याहरुको सम्बोधनका लागि सरोकारवालाहरुसँग मिलेर कार्ययोजनाहरु तर्जुमा एवम कार्यान्वयन व्यवस्था मिलाउने,

ग. शिक्षा शिविर लगायतका शैक्षिक एवम जनचेतनामूलक गतिविधिहरु विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने,

घ. समुदायका विपन्न सदस्यहरुसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरुबाट प्राप्त हुने सेवाहरुमा उनीहरुको पहुँच स्थापित गराउने,

ङ. संस्थाको नेतृत्व पङतिले सदस्यहरुको अपेक्षाअनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरुमा खबरदारी गर्ने,

च. यस विनियमका व्यवस्था साथै साधारण सभाबाट भएका निर्णयहरुको कार्यान्वयन एवम सोको सिलसिलामा आवश्यक अन्य कार्यहरु गर्ने।

**नोटः सदस्य संख्या बढी भएका, ठुलो कार्यक्षेत्रमा काम गरेका र सेवा केन्द्रहरु धेरै भएका संस्थाहरुले यस सम्बन्धी व्यवस्था अनिवार्य गर्नु पर्नेछ।**

## परिच्छेद-६
## प्रतिनिधिमूलक अङ्गहरु

**३२. सञ्चालक समितिः** (१) संस्थाको दैनिक कार्यसञ्चालनको लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ९ जनाको सञ्चालक समिति गठन गर्नेछ।सम्भव भए सम्म सञ्चालक समितिको संरचना समावेशी बनाईनेछ ।

(२) सञ्चालक समितिको गठन साधारण सभाले सर्वसम्मत भएमा सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट गर्नेछ। निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत महिला पर्ने गरी सुनिश्चित गरिनेछ।

(३) सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन।
(४) सञ्चालकहरूको पदावधि निर्वाचित भई सपथ गरेको मितिले ४ (चार) वर्षको हुनेछ ।सञ्चालकहरू सञ्चालक समितिमा पुन: निर्वाचित हुन सक्नेछन् ।तर अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षहरूको पदमा दुई कार्यकाल काम गरी सकेपछि पुन: उम्मेदवार हुन सक्ने छैनन्।
(५) एकाघर परिवारबाट एक भन्दा बढि व्यक्ति एकै अवधिमा सञ्चालकको पदमा वहाल रहन पाउने छैनन् ।
(६) कुनै सञ्चालकको पद कुनै कारणबाट रिक्त भएमा सो रिक्त पदको पूर्ति साधारण सभावाट मात्र हुन सक्नेछ।
(७) संस्थाको नियमअनुसार तिर्नु पर्ने बाँकी बक्यौता चुक्ता नगरे सम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।
(८) समितिका पदाधिकारीहरू पदावधि समाप्त भएको मितिले निर्वाचन सम्पन्न भई नयाँ समितिका पदाधिकारीहरूले सपथ ग्रहण नगरेसम्म काम चलाउ सञ्चालकका रूपमा रही काम गर्नेछन्।
(९) सञ्चालकको पदावधि समाप्त हुनु अगावै निर्वाचन गराउने दायित्व समितिको हुनेछ।यस्तो दायित्व निर्वाह नगरी पदावधि वितिसकेको भए ति सञ्चालकहरुले नयाँ सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन्।

**३३. समितिको काम, कर्तव्य र अधिकार**ः (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
क. संस्थाको समग्र व्यवस्थापन गर्ने,
ख. निर्धारीत मापदण्डको आधारमा सदस्यता विस्तार गर्ने तथा खारेज गर्ने,
ग. आन्तरिक कार्यविधिहरु तयार गरी साधारण सभाबाट स्वीकृत गर्ने,
घ. कारोवारको हरहिसाव अध्यावधिक गरी गराई सोको विवरण प्रमाणित गर्ने,
ङ. उपसमितिहरुको गठन र विगठन गर्ने,
च. संस्थाको स्वीकृत दरवन्दीमा योग्याताको अधारमा व्यवस्थापक लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने,
छ. संस्था सञ्चालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानुनी कार्यहरु गर्ने र आवश्यकता अनुसार कानुनी सेवा लिने,
ज. संस्थाको योजना र बार्षिक बजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने,
झ. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका रिक्त पद पूर्ति वा सञ्चालकहरुको पदावधि सक्नु अगावै नया समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन उपसमिति गठन गर्ने,
ञ. विनियममा व्यवस्था भएका प्रावधानका अधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यवस्थापन गर्ने,
ट. साधारण सभाले निर्देशन गरेका वा स्वीकृत गरेका कामहरु गर्ने,
ठ. साधारण सभाको बैठकमा पेश गर्ने प्रतिवेदनहरु, बजेट तथा कार्यक्रम , नीतिका मस्यौदाहरु, महत्वपूर्ण निर्णय आदि प्रस्तावको तयारी गर्ने,
ड. संस्थाको हित र आवश्यकताका आधार र आर्थिक विश्लेषण समेत गरी प्रचलित कानुन बमोजिम इजाजत प्राप्त निकायबाट ऋण लिने।
ढ. संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण गर्ने। यसका लागि संस्थाको सञ्चालक ,लेखा सुपरिवेक्षण समितिका पदाधिकारी र कर्मचारीलाई आवश्यकतानुसार तालिममा सहभागि गराउने व्यवस्था गर्ने,

ण. पदाधिकारी एवं कर्मचारीको ज्ञान, सिप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमणको कार्यक्रम बनाउने साथै कर्मचारीहरुका लागि योजना बनाउने,
त.कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीलाई पुरस्कृत गर्ने कार्यक्रम बनाउने,
थ.सञ्चालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफाँड गर्ने,
द.संघ, महासंघ, सहकारी बैंक तथा सहकारी सञ्जालको सदस्यता लिने, प्रतिनिधित्व गराउने।
ध. संस्थाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जिम्मेवारी सञ्चालकहरुको हुनेछ।

**३४. समितिको बैठकः**

1) अध्यक्षले समितिको वैठक नियमित रूपमा बोलाउनु पर्नेछ,
2) दुई बैठक बिच ४५ दिन भन्दा बढी समयको अन्तर हुने छैन,
3) व्यवस्थापकले अध्यक्षको आदेशानुसार तोकिएको मिति र समयमा एजेण्डा सहित वैठक बोलाएको सूचना सञ्चालकहरूलाई दिनु पर्नेछ,
4) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको अनुपस्थितमा उपस्थित सदस्यहरुमध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा नियमित बैठक बस्न सक्नेछ,
5) अध्यक्ष सहित बहुमत सञ्चालकहरू उपस्थित भएको अवस्थामा बैठकको गणपुरक संख्या पुगेको मानिने छ,
6) गणपुरक संख्या पुगेको समितिको बैठकमा बहुमतको निर्णय समितिको निर्णय हुनेछ, निर्णयमा असहमत हुने सञ्चालकले कारण सहित संक्षिप्त रूपमा लिखित असहमति जनाई निर्णय पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ,
7) कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र अध्यक्षले बैठक डाक्नुपर्नेछ। उक्त अवधिभित्र बैठक नबोलाएमा समितिको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित भई बैठक गर्न सक्नेछन्,
8) बैठक व्यवस्थित गर्न समितिले कार्यविधि तय गर्न सक्ने छ।

**३५. लेखा सुपरीवेक्षण समितिः** (१) नियमित रुपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरुको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुई जना सदस्यहरु रहेको लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ।
(२) उपदफा (१) बमोजिम लेखा सुपरीवेक्षण समिति गठन गर्दा ऐन बमोजिम योग्यता पुगेका साधारण सभाका सम्पूर्ण सदस्यहरु मध्येबाट चयन गरिनेछ।
(३) लेखा सुपरीवेक्षण समितिका संयोजक वा सदस्यहरुको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ।
(४) लेखा सुपरीवेक्षण समितिको वैठक कम्तीमा वर्षको चार पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ।

**३६. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(१) प्रत्येक चौमासिकमा संस्थाको आन्तरिक लेखा परिक्षण गर्ने गराउने,
(२) समिति र उपसमितिहरुले गरेको काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्घान्त र नियम सम्मत छ छैन जाँच गर्ने,

(३) सदस्यहरुलाई हानी नाक्सानी पुग्ने अवस्थामा देखिएमा वा आन्तरिक लेखा परीक्षणको कार्यमा सञ्चालक वा व्यवस्थापकबाट उचित सहयोग प्राप्त नभएमा वा सकारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने,
(४) आन्तरिक लेखा परिक्षण सम्बन्धी प्रतिवेदन साधारणसभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।
(५) लेखा सुपरिवेक्षण समितिले साधारण सभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ ।

क. समितिको बैठक बसेको संख्या,
ख.गत वर्ष दिएको सुझाव कार्यान्वयनको अवस्था,
ग.अघिल्लो आर्थिक वर्ष र चालु आ.व. को तुलनात्मक आर्थिक विवरण,
घ. मुख्य मुख्य आर्थिक उपलब्धी एवं कारोवारको कमजोर पक्षहरु,
ङ. सहकारी सिद्घान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था,
च.संस्थाको स्वीकृत बचत परिचालन नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था,
छ. कर्मचारी व्यवस्थापन सवल पक्ष र दुर्वल पक्षहरु,
ज. सञ्चालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरु,
झ. सम्बन्धित नियमक निकाय वा आफ्नो संस्था आवद्घ रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत , सञ्चालकहरुलाई दिइएका मुख्य सुझावको विवरण तथा पालनको अवस्था,
ञ.संस्था सञ्चालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकन प्रभावकारिता, मित्तव्ययिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था,व्यवसायिकता आदि पक्षको मूल्यांकन,
ट. अन्य विवरणहरु ।

(६) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी गराउन सकिने छैन।

**३७. समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्थाः** (१) देहायको अवस्थामा सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको पद रिक्त भएको मानिनेछः

(क) राजिनामा दिएमा,
(ख) मृत्यु भएमा,
(ग) यस विनियममा भएको व्यवस्था बमोजिम सदस्यता समाप्त भएमा,
(घ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा,
(च) बिना सूचना लगातार तीन पटक सम्म बैठकमा अनुपस्थित भएमा,
(ङ) ६ महिना भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा,
(च) समान प्रकृतिको अन्य सहकारी संस्थाको सञ्चालक वा कुनै समिति, उपसमितिको पदाधिकारी भएको प्रमाणित भएमा,
(छ) संस्थाको सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरुले लिएको कर्जाको ३ महिनाभन्दा बढी अवधिले भाखा नाघेमा निज स्वतः पदबाट मुक्त हुनेछ।
(२) उपरोक्त बमोजिम निर्णय लिनु अघि सम्बन्धित पदाधिकारीलाई सफाईको मौका दिनु पर्नेछ।

**३८. उपसमितिहरुको गठनः** (१) समितिले संस्थाको कामलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ।

(२) उपसमिति गठन गर्दा काम, कार्य सम्पन्न गर्ने अवधि, शर्त सुविधा सहितको कार्यक्षेत्र गत शर्त (TOR) तयार गर्नु पर्नेछ।

(३) उपसमितिमा एकजना संयोजक सहित तीनजना सदस्यहरु रहनेछन्। समितिले तोकेको समितिको एक जना सञ्चालक संयोजक र बाँकी दुईजना सदस्यहरु समितिको शेयर सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ।

(४) उपसमितिहरुको बैठक आवश्यकतानुसार बस्न सकिनेछ। संयोजकले उपसमितिको बैठक बोलाउनेछ।

**३९. समूह गठनः** (१) स्वीकृत कार्यविधि बमोजिम संस्थाले आफ्नो कार्य सञ्चालनलाई थप व्यवस्थित र सहज बनाउनका लागि संस्थाका सदस्यहरूलाई विभिन्न समूहमा आबध्द गरी गराई परिचालन गर्न सक्नेछ।

(२) समूह गठन मार्फत लघु वित्त परिचालन (ऋण), बचत संकलन, कृषि उत्पादन, दुग्घ संकलन, बजार व्यवस्थापन जस्ता कार्यहरू सञ्चालन गरिनेछ।

**नोटः कृषि उत्पादन, दुग्ध संकलन, बजार व्यवस्थापन जस्ता कार्य कृषि सहकारी संस्थाले मात्र उल्लेख गर्ने।**

## परिच्छेद-७
## प्रतिनिधिमूलक अङ्गहरु

**४०. उत्तरदायित्व शृङ्खलाः** (१) संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरु निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरु साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ।

**४१. सञ्चालकहरुको काम, कर्तव्य र अधिकारः** सञ्चालकहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

1) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछः
   - क. समितिको बैठक नियमित रूपमा बोलाउने,
   - ख. समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने,
   - ग. साधारण सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम र निर्णयहरू एवम् समितिको निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
   - घ. संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने,
   - ङ. सञ्चालकहरूलाई आ-आफनो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने,
   - च. सञ्चालक का कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्ने,
   - छ. संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,
   - ज. समितिको वैठक नवसेको अवस्थामा आकस्मिक कुनै कार्य गर्न आवश्यक भएको र तत्काल उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने अवस्था भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेस गर्ने,
   - झ. साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने,
   - ञ. संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जांचवुझ, निरीक्षण गर्ने, गराउने,
   - ट. संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने,
   - ठ. संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने,
   - ड. विनियमका व्यवस्थाहरूको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने,
   - ढ. सहकारीका सिद्धान्तहरू र ऐन नियम तथा निर्देशनहरूको पालना गर्ने गराउने,

ण. सम्बन्धित नियमनकारी निकायहरूको निर्देशन तथा सुझावहरूको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरू समयमा नै पेस गर्ने,
त. नियमनकारी निकाय वा अधिकार प्राप्त निकाय वा व्यक्तिबाट हुने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरूको पालना गर्ने, गराउने।

2) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
   क. अध्यक्षको काममा सहयोग पुऱ्याउने,
   ख. अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने,
   ग. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने,
   घ. समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने,
   ङ. समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने।
3) सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
   क. साधारण सभा र समितिको बैठकहरूमा माइन्युटको व्यवस्थापन गर्ने,
   ख. साधारण सभाको सूचना सम्प्रेषण गर्ने,
   ग. समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने,
   घ. समितिको बैठकमा नियमित रूपमा सहभागी हुने,
   ङ. निर्णय अनुसार गठन हुने समिति वा उपसमितिमा रही जिम्मेवारी निर्वाह गर्ने,
   च. सहकारीका सिध्दान्तहरू, सहकारी ऐन, नियम, विनियम र मापदण्डहरूको पालना गर्ने गराउने,
   छ. अध्यक्षले तोकेको अन्य कामहरु गर्ने गराउने।
4) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः
   क. साधारण सभामा संस्थाको वित्तीय प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने,
   ख. लेखा सुपरीवेक्षण समितिको कामलाई सहजीकरण गर्ने, प्रतिवेदन उपर समितिमा छलफल चलाउने,
   ग. समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने,
   घ. समितिको बैठकमा नियमित रूपमा सहभागी हुने,
   ङ. निर्णय अनुसार गठन हुने समिति वा उपसमितिमा रही जिम्मेवारी निर्वाह गर्ने,
   च. सहकारीका सिध्दान्तहरू, सहकारी ऐन, नियम, विनियम र मापदण्डहरूको पालना गर्ने गराउने।
   छ. संस्थाको बचत परिचालन, ऋण लगानी, कोषहरूको अवस्था र परिचालन जस्ता विषयमा समितिलाई जानकारी गराउने।
5) सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछः
   क. सञ्चालक समितिको वैठकमा नियमित रूपमा सहभागी हुने ।
   ख. संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने।
   ग. निर्णय अनुसार विभिन्न उप समितिहरूमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।
   घ. बैठकबाट गरिने निर्णयहरू संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने ।
   ङ. सहकारीका सर्वमान्य सिद्धान्तहरू, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरूको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।
   च. संस्थासँग आवद्ध सम्पूर्ण सदस्यहरूको प्रतिनिधीको रूपमा सदस्यहरूको हित प्रबर्द्धन हुने काम गर्ने गराउने।

**४२. व्यवस्थापक र कर्मचारीहरुको व्यवस्थापनः**

1) समितिले साधारण सभाबाट स्वीकृत **कर्मचारी व्यवस्थापन कार्यविधि** अनुसार कर्मचारीहरूको समग्र व्यवस्थापन गर्ने जिम्मेवारी निर्वाह गर्नु पर्नेछ।
2) व्यवस्थापकको नियुक्त गर्दा कम्तीमा प्रविणता तह उतिर्ण भएको शैक्षिक योग्यता अनिवार्य हुनेछ।
3) समितिले स्वीकृत गरेको करार सम्झौतालाई आधार बनाई अध्यक्ष र नियुक्त व्यवस्थापक बिच कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ।
4) व्यवस्थापकको पारिश्रमिक र अन्य सुविधाहरू कर्मचारी व्यवस्थापन कार्यविधि वा साधारण सभाले तोके बमोजिम हुनेछ।
5) करार सम्झौताका आधारमा व्यवस्थापकको कार्यसम्पादनको मूल्यांकन गर्ने व्यवस्था समितिले वार्षिक रूपमा मिलाउनु पर्नेछ।
6) उपदफा (५) बमोजिम गरिएको कार्यसम्पादन मूल्यांकन सन्तोषजनक नभएमा समितिले दुई पक्षीय सम्झौता कुनै पनि बेला खारेज गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ।
7) उपदफा (६) बमोजिम दुई पक्षीय सम्झौता खारेज गर्नु अघि व्यवस्थापकलाई सफाईको लागि १५ दिनको समय दिनु पर्नेछ।
8) व्यवस्थापक सम्बन्धी अन्य व्यवस्था कार्यविधि बमोजिम हुनेछ।

**४३. व्यवस्थापकको काम, कर्तव्य र अधिकारः** (१) व्यवस्थापको काम, कर्तव्य र अधिकार देहाय बमजिम हुनेछः

क. संस्थाको आर्थिक तथा प्रशासनिक प्रमुखको भूमिका र जिम्मेवारी वहन गर्ने,
ख. साधारण सभा, समितिको बैठकको तयारी गर्ने,
ग. साधारण सभा र समितिको बैठको निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
घ. समितिलाई आवश्यक सूचना र तथ्यहरू उपलब्ध गराई निर्णयमा सहजीकरण गर्ने,
ङ. सभा र बैठकहरूको माइन्यूट लेखनको व्यवस्था प्रभावकारी बनाउने,
च. वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेस गर्ने,
छ. समिति र साधारण सभाका बैठकहरूको विषय सूची तयार गर्ने,
ज. समितिको निर्णय अनुसार तालिम र गोष्ठिहरूमा सहभागी हुने,
झ. कार्यालय व्यवस्थापन चुस्त र प्रभावकारी बनाउने,
ञ. संस्थाको व्यावसायिक योजानाहरूको अनुगमन गर्ने, समितिलाई पृष्ठपोषण गर्ने,
ट. संस्थाको चल अचल सम्पत्तिको सुरक्षा र अभिलेख एवम् उपयोग व्यवस्थित गर्ने गराउने,
ठ. कर्मचारीहरूले पालना गर्नु पर्ने आचार संहिताको मस्यौदा गरी स्वीकृतिका लागि समितिमा पेस गर्ने, स्वीकृत आचार संहिता कार्यान्वयन गर्ने,
ड. कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने भरपर्दो प्रणालीको विकास गर्ने,
ढ. सहकारीका सिध्दान्त र मूल्यहरू, प्रचलित कानुनहरू, विनियममा भएका व्यवस्थाहरू एवम् नियामक निकायले जारी गरेका मापदण्डहरू पालना गर्ने, गराउने एवम् यसबारे समिति र साधारण सभाले गर्नु पर्ने निर्णयहरूका लागि सक्रिय पहल गर्ने,
ण. लेखा परीक्षण, लेखा सुपरीवेक्षण र नियमनकारी निकायहरूबाट भएको निरीक्षण वा सुपरीवेक्षण प्रतिवेदनहरू अध्ययन गरी कैफियतहरू सुधार गर्ने, निर्देशनहरू पालना गर्ने गराउने र सभा, समिति वा उप-समितिहरूको कार्यक्षेत्रको विषयमा उचित निकासका लागि जानकारी गराउने,
त. समितिप्रति उत्तरदायी हुने र समितिले तोकेको काम गर्ने गराउने,

थ. सम्झौता बमोजिमका अन्य जिम्मेवारीहरू निर्वाह गर्ने।

**४४. विशेष जिम्मेवारीः** (१) समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धिकरण निवारण कानुनअन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु सम्पादन गर्ने, गराउने जिम्मेवारी समेत बहन गर्नुपर्नेछ।

## परिच्छेद-८
## कोषको व्यवस्था

**४५. संस्थाको कोषः** (१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषहरुमा देहायका रकमहरु रहनेछः

क. सेयर विक्रीबाट प्राप्त रकम,
ख. बचतको रुपमा प्राप्त रकम,
ग. ऋणको रुपम प्राप्त रकम,
घ. नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
ङ. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
च. स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,
छ. गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,
ज. अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,
झ. व्यवसायिक कार्यबाट आर्जित रकम,
ञ. सदस्यता प्रवेश शुल्क,
ट. संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

(२) उपदाफा (१) बमोजिमको कोषको रकम विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ ।
(३) संस्थाले विदेशी सरकार वा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाबाट ऋण र अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृत लिनेछ ।
(४) उपदाफा (१) को बमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारका रकम समितिले निर्णय गरेको कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ।

**४६. कोषको सुरक्षाः**

1) समितिले व्यवस्थापकको जिम्मामा रहने भनी तोकेको कोषको रकम व्यवस्थापकको जिम्मामा रहनेछ।
2) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैंकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ।
3) उपदफा (२) बमोजिम अध्यक्ष वा कोषाध्यक्ष र व्यवस्थापकको दस्तखत अनिवार्य रहने गरी संयुक्त खाता खोलिनेछ। कोषको सम्पूर्ण जिम्मा खाता सञ्चालकहरुमा रहनेछ।
4) कोषको रकम झिक्दा संस्थाको स्वीकृत विनियम बमोजिम स्पष्ट निर्णय भएको कामको लागि हुनुपर्दछ।रकम चलनमा ल्याउने आधारहरु कानुन सम्मत हुनुपर्दछ।संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ।
5) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून बमोजिम आवश्यकता अनुसार शेयर, बचत र ऋण लागनी जस्ता रकमको सुरक्षणका लागि बिमा गर्न सक्नेछ।

**४७. कोषको उपयोगः** (१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरुको अधिनमा रही संस्थाका उद्देश्यहरु हासिल गर्न परिचालन गरिनेछ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको शेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने कुनै खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन।

**४८. खाता सञ्चालनः** (१) संस्थाको खाता सञ्चालन अध्यक्ष र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ।

**४९. कोषको बाँडफाँडः** (१) सं स्थाको कुनै वर्षको खुद नाफा रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो बाट कम्तीमा २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोष र ०.५ प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्धन कोषमा छुट्याइनेछ।

(३) उपदफा (२) बमोजिम छुट्टाएर बाँकी रहेको रकमलाई शत प्रतिशत मानी देहाय बमोजिमका कोषहरुमा देहाय बमोजिम रकम छुट्टयाई वितरण तथा उपयोग गरिनेछ। **(तर कम्तिमा ५ प्रतिशत भन्दा कम गर्न पाईने छैन।)**

क. शेयर लाभांस कोष .................%
ख. सहकारी विकाश कोष ........... %
ग. सहकारी शिक्षा कोष .................%
घ. कर्मचारी वोनस कोष .................%
ङ. घाटापुर्ती कोष .............................%
च. सामुदायिक विकास कोष ............. %
छ. स्थिरीकरणकोष ..........................% (बचत तथा ऋणको सहकारीको लागि मात्र)
ज. अन्य कोष .........................%

**नोटः आवश्यकता अनुसार अन्य कोषहरु पनि राख्न सकिनेछ।**

**५०. जगेडा कोषः** (१) जगेडा कोषमा देहाय बमोजिमका रकम रहनेछः

क. आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा २५ प्रतिशत रकम,
ख. पुँजिगत अनुदान रकम,
ग. स्थिर सम्पत्ति विक्रिबाट प्राप्त रकम,
घ. अन्य श्रोतबाट प्राप्त रकम।

**५१. संरक्षित पुँजी फिर्ताः** (१) दफा ४९ को उपदफा (२) मा उल्लेखित संरक्षित पुँजी फिर्ता कोषबाट ऐन तथा नियमावलीबमोजिम कारोबारको आधारमा अनिवार्य रुपमा यस कोषको रकम वितरण गरिनेछ।

**५२. लाभांस वितरण नगरिनेः** कुनै वर्षको सेयर लाभांस सदस्यले खरिद गरेको सेयर रकमको १५ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन।

**५३. जगेडा कोषमा रकम सार्नुपर्नेः** (१) दफा ४९ बमोजिम विभन्न कोषको रकमलाई प्रत्येक वर्ष उक्त कोषको उद्देश्य अनुसार पुरै वितरण वा उपयोग गरिनेछ।

(२) दफा ४९ को उपदफा (२) को संरक्षित पुँजी फिर्ता कोष र उपदफा (३) को खण्ड (ङ), (छ) र (ज) बाहेकको कोषमा बाँकी रहेको रकम प्रत्येक वर्ष जगेडा कोषमा सारिनेछ।

## परिच्छेद-९

## बचत परिचालन

**५४. बचत सङ्कलन गर्न सक्नेः** बचत तथा ऋणको कारोबार संस्थाको मुख्य कारोबार हुने छैन।संस्थाले ऐनले तोकेको ३० प्रतिशतको सिमा सम्म मात्र बचत तथा ऋणको कारोबार गर्नुपर्नेछ।**(नोटः यो बुँदा कृषि सहकारी संस्थाले मात्र उल्लेख गर्ने।)**

(१) संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न तथा सदस्यहरुलाई मात्र ऋण परिचालन गर्न सक्नेछ।

(२) संस्थाको बचत परिचालनमा विनियममा भएका व्यवस्थाका साथै देहायका सर्त-बन्देजहरु समावेश गरिनेछः

क. सदस्यहरुबाट मात्र बचत संकलन गरिनेछ।
ख. प्रति सदस्य बचतको सीमा प्राथमिक पुँजी कोषको बढिमा दश प्रतिशत सम्म मात्र हुनेछ।
ग. सदस्यहरुको बचत तथा आवधिक खाता खोल्न सकिनेछ।
घ. सदस्यहरुले संस्थामै आई वा कर्मचारी मार्फत बचत जम्मा गर्न सकिनेछ।
ङ. ऐनबमोजिम तोकिएको सन्दर्भ व्याजदरको प्रतिकुल नहुने गरी बचत तथा ऋणको व्याजदर निर्धारण हुनेछ।
च. ऋणमा व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी साँवा रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ........... प्रतिशतसम्म हर्जाना लिन सकिने।

**५५. बचत संकलनमा सीमाः** (१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुणाभन्दा बढी हुने छैन।

**५६. ऋण दिन सक्नेः** (१) सदस्यता लिएको तीन महिना भुक्तान नभएका सदस्यहरु ऋण लिन ग्राह्य हुने छैनन्। बिना धितो ऋण लिन नियमित बचत गरेको ६ महिना व्यतित भएको हुनु पर्नेछ।

(२) संस्थाले तरलताको लागि कम्तीमा निक्षेपको १५ प्रतिशत वा सहकारी अधिकृतले तोकिदिएको सीमा सम्मको रकम छुट्याएर कर्जा लगानी सम्बन्धी आन्तरिक कार्यविधि तयार गरी कर्जा प्रदान गर्नुपर्नेछ।

**५७.ऋण प्रवाहमा सीमाः** (१) संस्थाको आन्तरिक कार्यविधि वा साधारण सभाको निर्णय बमोजिमको अधिकतम सीमासम्मको रकम मात्र सदस्यलाई कर्जा प्रदान गरिनेछ।तर, संस्थाको अधिकतम कर्जा सीमा प्राथमिक पुँजीकोषको १५ प्रतिशत भन्दा बढी हुने छैन।

**५८. कर्जा जोखिम कोष सम्बन्धी व्यवस्थाः** (१) प्रचलित ऐन, नियम, निर्देशिका बमोजिम कर्जा जोखिम कोषको व्यवस्था गर्नुपर्नेछ। कर्जा जोखिम कोषको पर्याप्त व्यवस्था गरेर मात्र नाफा बाँडफाँड गर्नुपर्ने छ।

**५९. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुनेः** (१) संस्थाले संकलन गरेको बचतको रकम सदस्यलाई ऋण दिने बाहेक अन्य कुनै प्रयोजनमा लगाईने छैन।तर, यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलताबापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन।

**६०. साधारणसभाको स्वीकृत लिनुपर्नेः** (१) समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मापदण्डको प्रतिकुल नहुने गरी सधारण सभाको स्वीकृति लिनुपर्नेछः

क. लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरु फेर्नु पर्दा,
ख. संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घर लगायतका अलत सम्पत्ति खरिद गर्नुपर्दा,
ग. समितिका पदाधिकारीको सुविधा तथा व्यवस्थापकको तलव वा सुविधा बढाउनुपर्दा।

## परिच्छेद-१०
## कारोबारमा सीमाङ्कन

**६१. सदस्य केन्द्रीयताः** (१) संस्थाले आफ्नो व्यवसायिक सेवा सदस्यहरुमा मात्र केन्द्रित गर्नेछ। तर, गैरव्यवसायिक सेवाहरुमा सदस्य र गैरसदस्यबीच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन।

**६२. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्धः** (१) सञ्चालकहरु, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु र कर्मचारीहरु स्वार्थ बाझिने निर्णयमा सहभागी हुनु हुँदैन। यसरी जानिजानि सहभागी भएमा कानून बमोजिम कारबाही हुनेछ।

**६३. जोखिम मूल्याङ्कनः** (१) संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धिकरण निवारण निर्देशनबमोजिम जोखिम मूल्याङ्कन गर्नुपर्नेछ।

**६४. कारोबार नगरिनेः** (१) सम्पत्ति शुद्धिकरण निवारण कानुन अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनको व्यवस्था विपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन।

## परिच्छेद-११

## अभिलेख

**६५. कारोबारको लेखाः** (१) संस्थाको आर्थिक कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित, कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान एवं खाता संरचना बमोजिम राखिनेछ।

**६६. खाताबहीः** (१) संस्थाले देहायबमोजिमको खाताबही राख्नेछः

क. सदस्य दर्ता किताव,
ख. प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै निर्णय पुस्तिकाहरु,
ग. नगद वहीखाता,
घ. संस्थाले अरु कुनै व्यक्ति वा सघं संस्था सँग कुनै कारोवार गरेको भए सो कारोवारको देखाउने किताब
ङ. शेयर दर्ता किताब,
च. ऋण लिएको व्यहोरा देखिने दर्ता किताब,
छ. बेरुजू एवं सम्परीक्षण किताब,
ज. व्यक्तिगत खाता,
झ. सदस्यहरुको व्यक्तिगत बचत खाता,
ञ. जिन्सी दर्ता किताब,
ट. सहकारी सिद्घान्त अनुसार आम्दानी , खर्च सम्पत्ति र दायित्व देखिने खाताहरु,
ठ. समय समयमा समिति र सहकारी अधिकृतले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु।

**६७. आन्तरिक हिसाब जाँचः** (१) लेखा सुपरीवेक्षण समितिलेनियमितरुपमा आन्तरिक हिसाब जाँच गरी सुझाव दिनु पर्नेछ।

**६८. वार्षिक हिसाब जाँचः** (१) दर्ताबाल लेखापरीक्षकबाट संस्थाको वार्षिक हिसाब जाँच गरिनेछ।

(२) संस्थाले प्रत्येक वर्षको हिसाब–किताब लेखापरिक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गराउनु पर्नेछ।

(३) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ।

(४) एउटै लेखापरिक्षकलाई लगातार तीन पटक भन्दा बढी नियुक्ति गरिने छैन।

(५) लेखा परिक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ।

क. संस्थाको पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्घान्त एवं प्रचलित सहकारी कानुनको पालना गरेको छ कि छैन,
ख. संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा कार्यविधिहरुको पालना गरेको छ कि छैन,
ग. सम्बन्धित नियामक निकायले निर्देशन दिएको विषयहरुको संक्षिप्त टिप्पणी,
घ. बचतकर्ताको बचतको सुरक्षाको अवस्था के छ, लगानीहरु पर्याप्त सुरक्षणको आधारमा गरिएको छ छैन, व्यवस्थापकहरुबाट फजुल खर्च रोक्ने तर्फ के कस्ता प्रयास भएका छन् वा छैनन्,

ङ. संस्थाका पदाधिकारी एवम कर्मचारीहरुले लिएको ऋण र पेश्कीका बारेमा पेश्की रकम, रकम दिँदा अबलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको र साँवा व्याज समयमै तिरे नतिरेको विवरण, पेश्की लिनुको प्रयोजन, आर्थिक अनुशासन आदि।

च. लेखा परिक्षकको प्रतिवेदन उपरोक्त विवरण समावेश नभएमा साधारण सभा वा सम्बन्धित नियामक निकायले अर्को लेखा परिक्षक नियुक्त गर्न निर्देशन दिन सक्नेछ वा त्यस्ता लेखा परिक्षकलाई त्यस संस्थाको अगामी वर्षहरुको लेखा परिक्षण गर्न अनुमति नदिन सक्नेछन।

**६९. विद्युतीय लेखा प्रणालीको प्रयोगः** (१) संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा प्राविधिक एवं वित्तीय सुरक्षाको प्रत्याभूति गरी नियामक निकायको पूर्व-स्वीकृति लिइनेछ।

**७०. अन्य आधारभूत कागजातः** (१) संस्थाको कारोबालाई प्रभावकारी व्यवस्थापन गर्नको लागि आवश्यक अन्य आधारभुत कागजातहरु तयार गरी सुरक्षित राखिनेछ।

## परिच्छेद-१२
## प्रतिवेदन

**७१. एकीकृत सूचना प्रणालीमा आबद्धताः** (१) समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाईम) अद्यावधीकरण गर्ने व्यवस्थासमेत मिलाउनुपर्दछ। तर, यसमा लेखिएको कुनै कुराले संस्थाको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

**७२. दर्ता गर्ने अधिकारी समक्ष प्रतिवेदनः** (१) प्रचलित सहकारी कानून बमोजिम सहकारी अधिकृत समक्ष पेश गर्नुपर्ने सम्पूर्ण प्रतिवेदनहरु तोकिएको समयभित्र नै पेश गर्नुपर्नेछ।

**७३. वित्तीय जानकारी एकाइमा प्रतिवेदनः** (१) सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम वित्तीय जानकारी एकाईमा प्रतिवेदन गर्नु पर्ने कारोबारको प्रतिवेदन नियमित रुपमा निर्धारित समयभित्रै पठाउनु पर्नेछ।

**७४. साधारण सभामा जानकारी गराउनुपर्नेः** (१) अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनु पर्नेछः

क. संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाट भएका निर्णयहरु,

ख. कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको रकम वा प्रतिवद्धता र

ग. दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाव, टिप्पणी वा निर्देशन वा जारी मापदण्ड, निर्देशिका वा नीतिहरु।

**७५. सूचनाको हक तथा संरक्षणः** (१) कुनै सदस्यले संस्थाको आर्थिक अवस्था र कुनै अमुक कारोवार वारेमा जानकारी माग गरेमा सञ्चालक र व्यवस्थापकले त्यस्तो जानकारी वा सो सँग सम्बन्धित विवरण उपलब्ध गराउनु पर्नेछ। तर, सदस्यहरुको व्यक्तिगत खाता कानुन बमोजिम बाहेक गोप्य राखिनेछ । संस्थाको अनुगमन गर्ने अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवर जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा सञ्चालक एवं कर्मचारीहरुले सहयोग पुऱ्याउनु पर्नेछ।

## परिच्छेद-१३
## विविध

**७६. हकवालाको मनोनयनः** (१) सदस्यले हकवाला मनोनित गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहवरमा लिखित तयारी गरी गर्नुपर्नेछ र लिखितमा मनोनित गर्ने सदस्य र साक्षीहरु समेतको सहीछाप गरेको हुनुपर्दछ ।
(२) उपदाफा (१) बमोजिम हकवाला मनोनित गर्ने सदस्यले एकभन्दा बढि शेयर नलिएको अवस्थामा एउटा व्यक्तिलाई मात्र हकवाला मनोनित गर्नुपर्नेछ ।
(३) कुनै सदस्यले उपदाफा (२) को अधिनमा रही एकजना भन्दा बढी व्यक्तिहरुलाई मनोनित गरेकोमा त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामसाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ। अन्याथा प्रचलित कानुन अनुसार हुनेछ ।
**७७. हक दावी वा नामसारीः** (१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियम बमोजिम मनोनित गरेको कुनै हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुन बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ।

(३) उपदाफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक संतुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

**७८. निर्वाचनः**

1) सञ्चालक एवम् लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरूको पदावधि समाप्त हुनु अगावै निर्वाचन गराउनु पर्ने दायित्व समितिको हुनेछ।
2) निर्वाचन समिति तीन सदस्यीय हुनेछ, समितिले निर्वाचन समितिमा रहने संयोजक र सदस्यहरू मनोनयन गर्नेछ। यस समितिमा सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू रहन सक्ने छैनन्। उपलब्ध भएसम्म निर्वाचन समितिमा बहालवाला वा अवकाश प्राप्त कर्मचारी वा शिक्षकहरू वा कानून व्यवसायिहरु वा अन्य सहकारी संस्था वा संघका वर्तमान वा पूर्व पदाधिकारीहरू मध्येबाट मनोनयन गर्नु पर्नेछ।
3) निर्वाचन समितिले निर्वाचन प्रक्रिया र समय सीमाहरू पहिले नै निर्धारण गरी निर्वाचनका प्रक्रियाहरू सुरुआत गर्नु पर्नेछ। उम्मेदवार हुन चाहने सदस्यहरूलाई समान अवसर र समान प्रक्रिया उपलब्ध गराउनु निर्वाचन समितिको कर्तव्य हुनेछ।
4) नियामक निकायबाट प्रतिनिधि खटाइएकोमा नियामक निकायको प्रतिनिधिले नै सामान्यतया निर्वाचन समितिको संयोजकको रूपमा काम गर्नुपर्नेछ ।
5) निर्वाचन सम्बन्धी सम्पूर्ण कागजातहरू (सूचना, प्रक्रिया, तालिका, मनोनयन पत्र, दावी विरोध, मतपत्र, निर्णयहरू, गणना मुचुल्काहरू आदि) सुरक्षित राख्नु पर्नेछ। यस्ता कागजागतहरू शिलबन्दी समेत प्रमाणित गरी संस्थाको व्यवस्थापकलाई बुझाउनु पर्नेछ।
6) निर्वाचन समितिले निर्वाचित पदाधिकारीलाई निर्धारित ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र सपथ ग्रहण गराउनेछ।
7) निर्वाचन समितिको काममा संस्थाले आवश्यक श्रोत साधन र जनशक्ति उपलब्ध गराउनेछ।
8) निर्वाचन सम्बन्धमा संस्थाले आवश्यक आन्तरिक कार्यविधि बनाउनेछ।
9) निर्वाचन सम्बन्धी अन्य व्यवस्था प्रचलित सहकारी कानून बमोजिम हुनेछ।

**७९. शपथ ग्रहणः** (१) सञ्चालक समिति र लेखासुपरीवेक्षण समितिको पदाधिकारीहरुले **अनसूची -३** बमोजिम शपथ ग्रहण गर्नुपर्दछ।

**८०. एकीकरण वा विभाजनः** (१) साधारण सभाको बहुमतबाट निर्णय गरी प्रचलित सहकारी कानून अनुसार संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ।

**८१. कार्यान्वयन अधिकारीः** (१) समितिले सम्पत्ति शुद्धिकरण निवारण कानून बमोजिम अधिकृतस्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रुपमा कार्य गर्नेछ।

**८२. मध्यस्तताः** (१) संस्थाको कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा सहकारी सञ्जाल, जिल्लाको जिल्ला सहकारी संघ वा सम्बन्धित जिल्ला विषयगत सहकारी संघसँग आवश्यकता अनुसार मध्यस्थताको लागि अनुरोध गर्न सकिनेछ।

**८३.समानता र समताः** (१) संस्थाको कार्यसञ्चालनको समस्त प्रक्रियाहरुमा सदस्यहरु माझ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ।

(२) लैङ्गिक विभेदका कारण आम रुपमा न्यून भईरहेको नेतृत्व पङ्तिमा महिला उपस्थिति बढाउनुको साथै सञ्चालकीय भुमिकामा अपाङ्ता भएका वा लक्षित समुदायका सदस्यहरुलाई प्रोत्साहन दिन जो चाहिने समतामूलक व्यवस्थाहरु गरिनेछ।

**८४. संस्थाको सल्लाहकार**: समितिले संस्थाको हित प्रबर्धन गर्न सल्लाहकारहरू मनोनयन गर्न सक्नेछ।यसरी नियुक्त सल्लाहकारहरूले कुनै पारिश्रमिक पाउने छैनन्।कुनै पनि बेला समितिले सल्लाहकार हेरफेर वा थपघट गर्न सक्नेछ।

**८५. विनियम संशोधनः** (१) साधारण सभाको बहुमतले विनियम संशोधन वा पुनर्लेखन गर्न सक्नेछ। यसरी संशोधन वा पुनर्लेखन भएको विनियम सहकारी अधिकृतबाट स्वीकृत भएपछि लागु हुनेछ।

**८६. सधारण सभाले आन्तरिक कार्यविधि बनाउन सक्नेः** (१) संस्थाको प्रभावकारी व्यवस्थापन तथा सञ्चालनको लागि सधारण सभाले आवश्यक आन्तरिक कार्यविधिहरु बनाई लागु गर्न सक्नेछ।

**८७. व्याख्या गर्ने अधिकारः** (१) यस विनियमको व्याख्या गर्ने अधिकार सहकारी अधिकृतलाई हुनेछ।

**८८. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुनेः** (१) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु प्रचलित सहकारी सिद्धान्त र कानून बमोजिम बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(२) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी सिद्धान्त तथा प्रचलित सहकारी कानून बमोजिम संस्थाको काम कारबाहि सञ्चालन गरिनेछ।

**८९. बचाउः** यस विनियम पुनर्लेखन गरिएको छ। ........................................................सहकारी संस्था लिमिटेडको विनियम बाट भए गरेका कामहरु यसै विनियम बमोजिम भए गरेको मानिनेछ।

**सञ्चालक समितिका पदाधिकारी**

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | | अध्यक्ष | | |
| २ | | उपाध्यक्ष | | |
| ३ | | सचिव | | |
| ४ | | कोषाध्यक्ष | | |
| ५ | | सदस्य | | |
| ६ | | सदस्य | | |
| ७ | | सदस्य | | |
| ८ | | सदस्य | | |

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| ९ | | सदस्य | | |

**अनुसुची - १**

**संस्थाको चिन्ह र छापः**

संस्थाको चिन्ह र छापको लोगो यस प्रकार हुनेछ ।

| **लोगोको व्याख्या र चित्र प्रस्तुत गर्ने।** |
|---|

**अनुसुची - २**

**..................................सहकारी संस्था लिमिटेड**
बर्दिवास, महोत्तरी

# सेयर प्रमाण-पत्र

सदस्यता नं. .................. मितिः- .........................

श्री .......................................... को नाति/नातिनी श्री ........................................को छोरा/छोरी श्री ................................................ को पति/पत्नी महोत्तरी जिल्ला बर्दिवास नगरपालिका, वडा नम्बर ...... बस्ने श्री/श्रीमती ........................................................... ले रु. ....................... दरले सेयर नं. ....................... देखि ....................... सम्मको जम्मा ...........कित्ता सेयरवापत जम्मा रु. ...................... अक्षरेपी .......................... ............. बुझाई यस संस्थाको सेयर खरिद गर्नु भएकोले यो सेयर प्रमाण-पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| | ........................... | ........................... |
| संस्थाको छाप | व्यवस्थापक | अध्यक्ष |

**अनुसूची - ३**
**शपथ ग्रहण**

म................................ (शपथ कर्ताको नाम) ईश्वरको नाममा प्रतिज्ञा गर्दछु कि समितिको सदस्यको नाताले सहकारी सिद्धान्त र प्रचलित सहकारी कानून बमोजिम सदस्यको हित र संस्थाको विकासको लागि ईमान्दारीतापूर्वक पक्षपातरहित ढंगबाट कार्य गर्नेछु ।

| **सपथ ग्रहण गर्नेको** | **सपथ ग्रहण गराउनेको** |
|---|---|
| सही | सहीः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |